मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह : एम.एड. / प्रथम सेमेस्टर

विषयः पूर्वीय साहित्य सिद्धान्त (नेपा.शि. ५१४)

रोल नं. ......................

## समूह 'क'

**तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस्।** १०x१= १०

१. काव्यको परिभाषा दिँदा विश्वनाथले मुख्यतः कुन कुरामा जोड दिएका छन् ?
(क) अलङ्कार (ख) रस
(ग) ध्वनि (घ) वक्रोक्ति

२. स्रष्टाले नाम वा प्रसिद्धि प्राप्त गर्न काव्य रचना गर्दछ भने त्यो कुन काव्य प्रयोजनअन्तर्गत पर्दछ।
(क) कीर्ति (ख) धनलाभ
(ग) आनन्दानुभूति (घ) अनर्थ निवारण

३. पूर्वीय काव्य परम्परामा कुन शब्दशक्ति भएको साहित्यलाई उत्तम कोटिको मानिन्छ ?
(क) अभिधा (ख) प्रयोजनवती लक्षणा
(ग) व्यञ्जना (घ) रूढि लक्षणा

४. पाठकमा जोस र आवेगको सञ्चार गर्ने काव्य गुण कुन हो ?
(क) माधुर्य (ख) ओज
(ग) प्रसाद (घ) कान्ति

५. काव्यमा अप्रचलित र स्वनिर्मित शब्दको प्रयोगबाट उत्पन्न हुने दोषलाई के भनिन्छ ?
(क) श्रुतिकटुता (ख) अश्लीलता
(ग) ग्राम्यता (घ) अप्रयुक्तता

६. अद्भुत रसको स्थायी भाव के हो ?
(क) रति (ख) क्रोध
(ग) विस्मय (घ) भय

७. ध्वनि सिद्धान्तका प्रवर्तक को हुन् ?
(क) भरतमुनि (ख) भामह
(ग) मम्मट (घ) आनन्दवर्द्धन

८. 'पुष्पभैं बालक' र 'पुष्पबालक' मा कुन अलङ्कार पर्दछ ?
(क) उपमा र रूपक (ख) रूपक र यमक
(ग) उपमा र दृष्टान्त (घ) उपमा र उत्प्रेक्षा

९. कठोर वर्णहरूको संयोजनबाट निर्माण हुने रीति कुन चाहिँ हो ?
(क) वैदर्भी (ख) गौडी
(ग) पाञ्चाली (घ) लाटी

१०. काव्यमा विशेष प्रसङ्ग वा घटना जोडेर प्रस्तुत गरिने वक्रतालाई के भनिन्छ ?
(क) वर्णविन्यास वक्रता (ख) पदपूर्वार्द्ध वक्रता
(ग) प्रबन्ध वक्रता (घ) प्रकरण वक्रता